नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०७९/८०
चलानी नं.:- २६६

मितिः-२०८०/०१/१९

श्री जिल्ला समन्वय प्रमुखज्यू,
श्री जिल्ला समन्वय अधिकारी,
७५ जिल्ला ।

विषयः- बेरुजु फछ्र्यौट कार्यलाई उच्च प्राथमिकता दिने सम्बन्धमा ।

यस मन्त्रालयको च.नं. ८६ मिति २०७९/०६/०९ को पत्र मार्फत आर्थिक वर्ष २०७९/८० को बेरुजु फछ्र्यौट कार्ययोजना र मार्गदर्शन प्राप्त भएकै छ । सो सम्बन्धमा तहाँ कार्यालयको बेरुजु फछ्र्यौटको प्रतिशतलाई कार्यसम्पादनको मूल्याङ्कनको महत्वपूर्ण आधारको रुपमा समेत लिइने हुँदा, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिमको दायित्व तथा जिम्मेवारी पुरा गर्ने गरी देहाय बमोजिमको कार्य तत्काल गरी बेरुजु फछ्र्यौट कार्यमा उच्च प्राथमिकता दिनु हुन अनुरोध गर्दछु ।

१. महालेखा परीक्षकको कार्यालयबाट नियमित हुनुपर्ने भनी औंल्याइएको बेरुजुको सम्बन्धमा आवश्यक प्रमाण तथा कागजात जुटाई तथ्यपरक प्रतिक्रिया तयार गरी पुष्ट्याई सहित सक्कल टिप्पणी फाइल नियमित गर्नका लागि २०८० जेष्ठ १५ गते भित्र मन्त्रालयमा उपलब्ध गराउने ।

२. महालेखा परीक्षकको कार्यालयबाट असुल उपर गर्नुपर्ने भनी औंल्याइएको बेरुजुको सम्बन्धमा तत्काल असुल उपर गर्न सम्बन्धित कर्मचारी, व्यक्ति, फर्म, संस्था, समूह, समिति वा अन्य निकायमा पत्रचार गर्न, सूचना पठाउने र असुल उपर गरी महालेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण गराउने ।

३. महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा, पेश्की बेरुजुको रुपमा कायम भएको बेरुजुको सम्बन्धमा आवश्यक प्रमाण, कागजात विल भरपाई आदि संकलन गरी यथाशिघ्र पेश्की फछ्र्यौट गर्ने र महालेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण गराउने ।

४. आर्थिक वर्ष २०५९/६० सम्मको पुरानो बेरुजुको हकमा असुल उपर गर्नुपर्ने, सरकारी हानी नोक्सानी र मस्यौट भएको बाहेकको बेरुजु लगत कट्टाको लागि आवश्यक प्रक्रिया पुरा गरी लगत कट्टा गर्ने वा लगत कस्ने प्रयोजनको लागि कुमारी चोक तथा केन्द्रिय तहसिल कार्यालयमा पठाउने ।

५. तहाँ कार्यालयको नाममा कायम बेरुजु तत्काल फछ्र्यौट गर्ने गराउने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्ने सो को प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।

**बोधार्थः-**
श्री प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, ७५ जिल्ला - आवश्यक सहजीकरण हुन ।
श्री प्रमुख कोष नियन्त्रक/ कोष नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालय, ७५ जिल्ला - आवश्यक सहजीकरण हुन ।

डा. कृष्णहरि पुष्कर
(सचिव)